नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## लमजुङ

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा

पत्र संख्याः २०८०/०८१

च.नः- प्रशासन/ ३४५५

मितिः २०८१/०१/०९

नेपाल सम्बतः ११४४, चौलाथ्व

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेंसीशहर, लमजुङ

विषयः जानकारी सम्बन्धमा ।

श्री स्थानीय तह सबै, लमजुङ।

श्री जिल्ला प्रहरी कार्यालय, लमजुङ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, लमजुङको मिति २०८१/०१/०७ को सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण सम्बन्धी उजुरी दर्ता गराउने विषयको सूचना यसै साथ संलग्न छ ।उक्त सूचना तहाँ कार्यालय, सवै वडा कार्यालयहरु र मातहातका कार्यालयहरुको सूचनापाटीमा टाँस गरी उक्त सूचनाको प्रचार प्रसार समेत गरिदिनुहुन साथै यस्ता सरकारी तथा सार्वजनिक जग्गा साविककै अवस्थामा ल्याउने कार्यका लागि आवश्यक कारबाही तथा पहल गरिदिनु हुन समेत अनुरोध छ ।

बुद्ध बहादुर गुरुङ

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
लमजुङ

फोन नं ०६६५२०१३३-,५२०२५५
फ्याक्स नं ०६६५२०१३४-
इमेल daolamjung@moha.gov.np
वेवसाइट www.daolamjung.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेंसीशहर, लमजुङ

पत्र संख्याः- ०८०/८१
च.नं: प्रशासन/

मितिः २०८१।०१।०७
नेपाल सम्बतः ११४४ चिल्लाथ्व

## सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण सम्बन्धी उजुरी दर्ता गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना।

**(गृह मन्त्रालयको च. नं. १९०९, मिति २०८१/०१/०७ को पत्रको निर्देशनबमोजिम)**

नेपाल सरकारको स्वामित्वमा रहेका र नेपाल सरकारको स्वीकृतिले कुनै सार्वजनिक संस्था (प्रचलित कानून बमोजिम स्थापना भएका प्रतिष्ठान, बोर्ड, प्राधिकरण, संस्थान, विकास समिति, विश्वविद्यालय, स्वास्थ्य संस्था, कम्पनी वा अन्य सार्वजनिक वा गैरसरकारी संस्था) लाई उपयोग गर्ने गरी उपलब्ध गराइएका सरकारी र सार्वजनिक जग्गा देशभर रहेका छन् ।

यसरी सरकारी वा सार्वजनिक वा निश्चित प्रयोजनका लागि उपयोग गर्न दिइएका जग्गा गैरकानुनी वा अनधिकृत रूपमा दर्ता वा दाखिल खारेज गरी अतिक्रमण वा कब्जा गरेको वा तोकिएको उद्देश्य भन्दा फरक प्रयोजनका लागि प्रयोग भएको भए वा कसैले निजी हक दर्ता भोगचलनमा रहेको बाहेकको सार्वजनिक वा सरकारी सवामित्व रहेको ऐलानी, सन्धिसर्पन, गौचरन, घाट अदि जग्गाहरू कानुन विपरीत कसैले आफ्नो नाममा दर्ता गरेको वा खास उद्देश्य वा प्रयोजनका लागि कुनै संस्थानको भोगचलन वा नियन्त्रणमा रहने गरी सुम्पेको वा जिम्मा दिएका सार्वजनिक वा सरकारी जग्गाहरू बलजफ्ती अतिक्रमण वा कब्जा गरी निजी रूपमा दर्ता गरेको, दाखिल खारेज वा चलन चलाई हक हस्तान्तरण गरेको, लामो समयसम्म नियन्त्रण बाहिर रहने गरी लिजमा दिएको वा उद्देश्य विपरीत निजी कायम गरी गराई दुरुपयोग गरेको वा कुनै व्यक्ति वा संस्थाले गैर कानुनी रूपमा सरकारी तथा सार्वजनिक जग्गा उपभोग गरेको (अतिक्रमण भएको) भएमा यस कार्यालयमा लिखित वा मौखिक रूपमा तपसिलको नम्बरमा सम्पर्क गरी सूचना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ । साथै यसरी सूचना दिने सूचकको विवरण गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

सूचना दिने सम्पर्क नम्बर

१. ९८५६०१७७७७

२. ९८५६०४६६६६

बुद्धवहादुर गुरुङ
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी